नेपाल सरकार

शिक्षा मन्त्रालय

शिक्षण संस्था समन्वय शाखा, सिंहदरवारको

विदेशी विश्वविद्यालयको सम्वन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सबै शिक्षण संस्था तथा सम्बन्धित सबैको जानकारीका लागि अत्यन्त जरुरी सूचना

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।०५।०८ मा दोस्रो संशोधन स्वीकृत भई लागु भइसकेको हुंदा देहाय बमोजिम गर्नु गराउनु हुन सम्बन्धित शिक्षण संस्थाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसमा लेखिए बमोजिम समयमै नगरे नगराए यसबाट पर्न जाने कुनैपनि हानी नोक्सानीका लागि शिक्षा मन्त्रालय जवाफदेही नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

१. अनुमति सम्बन्धी व्यवस्थाः विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ (संशोधन सहित) बमोजिम एउटै विश्वविद्यालयको सम्बन्धनमा एक प्रदेशमा तीनवटा भन्दा बढी संस्थालाई कार्यक्रम संचालनको अनुमति प्रदान नगरिने व्यहोरा अवगत गर्नुहुन,

२. नविकरण सम्बन्धी व्यवस्थाःसम्बत्् २०७३ माघ मसान्त भित्र नियमानुसारको राजश्व दाखिला गरी नविकरणका लागि निवेदन नगरेका संस्थाहरुले प्रति महिना प्रति कार्यक्रम दश हजार रूपैंया अतिरिक्त शुल्क बुझाई नविकरणका लागि २०७४ साल माघ मसान्त भित्रमा आवेदन गर्नुहुन र सो अवधिभित्र नविकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज हुने व्यहोरा अवगत गर्नुहुन,

३. विश्वविद्यालय/शिक्षण संस्थाको सम्बन्धन, संस्थाको नाम, कार्यक्रमको नाम तथा कार्यक्रम सञ्चालन स्थान परिवर्तन सम्बन्धी व्यवस्थाः

(क) सम्वत् २०७२ साल साउन ३२ गते अगावै अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको सम्बन्धन प्रदायक विश्वविद्यालय गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त भएको रहेनछ भने उक्त मितिले पांच वर्षभित्र गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त गरेको अन्य विश्वविद्यालयसंगसम्बन्धन लिइसक्नु पर्नेछ र यसरी सम्बन्धन नलिने शिक्षण संस्थाहरूको सञ्चालन अनुमति रद्द गरिने व्यहोरा अवगत गर्नुहुन,

(ख) सञ्चालनमा रहेको कम्पनीको नाम वा विश्वविद्यालयको नाम वा शैक्षिक कार्यक्रम वा शैक्षिक कार्यक्रमको नाम वा कार्यक्रमको अवधि वा उपाधिको नाम, संस्था (कलेज)को नाम वा सम्बन्धन परिवर्तन वा संचालन स्थान परिवर्तन गर्नु परेमा सम्बन्धित संस्थाले कम्तिमा ३ पटक राष्ट्रिय दैनिक पत्रिकामा सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी नियमानुसारको राजश्व वुझाई नियमन गर्न सक्ने व्यहोरा अवगत गर्नुहुन,

४. कार्यक्रम थप सम्बन्धी व्यवस्थाः Quality Assurance Agency/Accreditation प्राप्त विश्वविद्यालयको सम्बन्धनमा मन्त्रालयको अनुमति प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाहरूले तोकिए बमोजिम मापदण्ड पुरा गरेको आधारमा नियमानुसार दस्तुर वुझाई आर्थिक वर्ष सुरु भएको मितिले ३५ दिन भित्र एकपटकमा दुई विषय वा तह थपका लागि मन्त्रालय समक्ष निवेदन दिन सक्ने व्यवस्था अवगत गर्नुहुन,

५. धरौटी सम्बन्धी व्यवस्थाः यो निर्देशिका प्रारम्भ हुनु भन्दा अगाडी कार्यक्रम सञ्चालन गर्न स्वीकृति पाइसकेको संस्थाले २०७३ साल साउन मसान्तभित्र धरौटी अध्यावधिक नगरेका शिक्षण संस्थाले प्रति महिना प्रति कार्यक्रम दशहजारका दरले अतिरिक्त शुल्क बुझाई सम्वत् २०७४ साल चैत्र मसान्तभित्र यस निर्देशिका बमोमिज नपुग हुने धरौटी रकम थप गर्नुपर्ने, यस बमोजिम धरौटी रकम जम्मा नगर्ने शिक्षण संस्थाको कार्यक्रम जुनसुकै बखत मन्त्रालयले बन्द गर्न सक्ने, यसरी राख्न पर्ने धरौटी वापतको रकममध्येबाट बढीमा पचहत्तर प्रतिशत सम्मको रकम कम्तिमा पांच वर्ष अवधि सम्म वहाल रहने गरी क बर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी पेश गर्न सक्ने र बैंक ग्यारेन्टीको अवधि समाप्त हुनु एक महिना अगावै बैंक ग्यारेन्टी अध्यावधिक गर्नु गराउनु हुन साथै दूर शिक्षाको माध्यमबाट सम्पर्क कक्षा संचालन गर्ने शिक्षण संस्थाको हकमा यस निर्देशिका बमोजिम राख्नुपर्ने धरौटी रकम पचास प्रतिशत मात्र हुने व्यहोरा अवगत गर्नुहुन,

६. विविधः सम्बन्धन प्रदान गर्ने निकायले सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थामा भए गरेको अनुगमनको प्रतिवेदन अनिवार्य रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्ने, सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको वाह्य परीक्षा सम्बन्धी जानकारी मन्त्रालयलाई गराउनु पर्ने, मन्त्रालयले त्यस्तो परीक्षाको अनुगमनका लागि विषय विज्ञ तथा कर्मचारी खटाउन सक्ने, अनुमति प्राप्त शिक्षण संस्थाको विधान/प्रबन्धपत्र/नियमावली संशोधन भए सो को जानकारी मन्त्रालयलाई तुरुन्त  दिनु पर्ने, अनुमति प्राप्त शिक्षण संस्था र कार्यरत व्यक्तिहरुले प्रचलित कानून अनुसार कर तिर्नुपर्ने, मन्त्रालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले लिने शुल्कको विवरण प्रत्येक शैक्षिक वर्षको सुरुमा अनिवार्य रुपमा मन्त्रालय समक्ष पेश गर्नुपर्ने, चिकित्सा शिक्षा बाहेकका प्राविधिक विषयका कार्यक्रम संचालनका लागि सम्बन्धित विषयगत काउन्सिल (परिषद्) को पूर्व सहमति पत्र अनिवार्य हुने, यस सम्बन्धमा निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ बमोजिमका विषयगत मापदण्ड समेत पूरा गरेको हुनुपर्ने साथै मन्त्रालयको अनुमति नलिई कार्यक्रम संचालन गरेको पाइएमा त्यस्ता शिक्षण संस्थालाई प्रचलित कानूनको अधिनमा रही ठगी सम्बन्धी कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था गरिएको हुंदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।